# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार







# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा कास्की जिल्लामा रहेका नीजि तथा गैर सरकारी अस्पतालमा कार्यरत कर्मचारीहरुलाई DHIS-2/HMIS सम्बन्धी तीन दिने कार्यक्रमको सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालयका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेले गर्नुभएको थियोभने कार्यक्रममा स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख राम बहादुर नेपाली, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका अस्पताल नर्सिङ्ग प्रशासक अञ्जु पौडेल, पोखरा महानगरका स्वास्थ्य शाखाका हिरालाल आचार्य लगायतले अतिथिको रुपमा आसन ग्रहण गर्नुभएको थियो। यस कार्यक्रमको सञ्चालन तथा सहजिकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत प्रविण भण्डारीले गर्नुभएको थियो।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य चौकी, पर्वतको आयोजनामा जलजला गाउँपालिका वार्ड ९ बनौ स्वास्थ्य आमा समूहको मासिक बैठक सम्पन्न भएको छ।



मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका ४ अन्तर्गत रहेको ओखरबोट स्वास्थ्य चौकीमा IMNCI कार्यक्रमको अनसाईट कोचिङ्ग कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार



जिल्ला प्रहरी कार्यालय. पर्वतको आयोजनामा कुश्मा नगरपालिका ४ गुसेश्वर मन्दिरमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तुलसी पौडेलको अध्यक्षतामा सरसफाई कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा राष्ट्रिय खोप कार्यक्रमको समिक्षा साथै दादुरा रुवेला खोप अभियानको लागि फलेबास नगरपालिकाका खोप कार्यकर्ताहरुको लागि तालिम सम्पन्न भएको छ। मिति २०८० साल फागुन १३ गतेदेखि देशव्यापी रुपमा दादुरा रुवेला खोप अभियान २०८०/८१संचालन हुन गईरहेको छ। जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुवेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुवेला रोगको निवारण गर्ने र दादुरा रुवेला रोगको महामारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्यका साथ यो अभियान संचालन हुदै छ।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजना र वालिङ् नगरपालिकाको समन्वयमा खोप दिने स्वास्थ्यकर्मीहरुलाई दादुरा रुवेला खोप अभियान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

### यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



कोशी प्रदेश, स्वास्थ्य मन्त्रालयद्वारा सोमबार विराटनगरमा आयोजित उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रममा तेह्रथुम जिल्लाकी स्वयंसेविका गोमा भट्टराईलाई नयाँ जुत्ता लगाई दिँदै प्रदेशका मुख्यमन्त्री केदार कार्की । तस्बिर : मनोज दाहाल/रासस



नियमित खोप सङ्गै सरसफाई प्रबर्द्धन कार्यक्रम@अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्ग




पर्वत अस्पतालले ७४ औं प्रजातन्त्र दिवसको अबसरमा बिबिध कार्यक्रम गरि मनाएको छ।



ठानामौला स्वास्थ्य चौकी, पर्बतको आयोजनामा फलेबास नगरपालिका -८, ठानामौला, बिरौबरीमा प्रतिफल स्वास्थ्य आमा समुहको मासिक बैठक सम्पन्न भएको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

# सा‌प्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




कोटदरवार स्वास्थ्य चौकी, तनहुँको आयोजनामा नियमित खोप कार्यक्रमका साथै सरसफाइ प्रबर्द्धन कार्यक्रम संचालन भएको छ।



काँडेबास स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा दादुरा रुवेला खोप अभियान २०८०/८१ अन्तर्गत गलकोट नगरपालिका-८ मा वडा खोप समन्वय समिती, ब्यबस्थापन समिती, तथा सरोकारवालाहरुको लागी १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



बडिगाड गाउँपालिका वडा न १ नौत्तुवा गाउँघर क्लिनिक संचालन, नियमित तौल अनुगमन, उपयुक्त गभान्तर र परिवार नियोजनको साधन सम्बन्धि स्वास्थ शिक्षा सगै स्वास्थ्य आमा समुहको बैठक सम्पन्न भयको छ। उक्त कार्यक्रम मा १५ जना १००० दिने आमा,२ जना गभवति र ४ जना अन्य गरि जम्मा २१ जनाको उपस्थिति रहेको थियो।

## एचआईभी र एड्स: सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# सााप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



मुस्ताङ जिल्ला, थसाङ गाउपालिकाबाट आएको महिला स्वास्थ्य स्वयसेबिकाहरुको अबलोकन भ्रमण पन्चमुल प्राथमिक स्वास्थ्य केन्द्रमा आ-आफ्ना अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङको आयोजनामा थासाङ गाउपालिका वडा न. २ कोबाङमा जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम सम्पन्न भएको छ।






ईलाका प्रहरी कार्यालय, हुवास पर्बतको आयोजनामा पैंयु गाउँपालिका-२ त्रिवेणीमा स्थानिय मानिसहरुलाई घरेलु हिंसा र जबरजस्ती करणी न्यूनिकरण सम्बन्धि लघुसचेतनामुलक कार्यक्रम संचालन गरिएको छ।



जिल्ला समन्वय समिति प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक श्रीप्रसाद जि. टी.को अध्यक्षतामा जिल्ला खोप समन्वय समितिका पदाधिकारीहरु र संचारकर्मीहरुलाई दादुरा रुबेला खोप अभियान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?**

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा दादुरा रुवेला खोप अभियान २०८०/८१ सम्बन्धी जिल्ला खोप समन्वय समिति एवं सरोकारवालाहरु र संचारकर्मीहरुको लागि अभिमुखिकरण गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। सरोकारवालाहरु र संचारकर्मीहरुलाई दादुरा रुवेला खोप अभियान सम्बन्धमा जानकारी गराई अभियानलाई सफलतापूर्वक सम्पन्न गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक अमर बहादुर थापाको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा जि.स.स. उप प्रमुख होमनाथ शर्मा, नगर उप प्रमुख राजु खड्का, सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बराल, जिल्ला समन्वय अधिकारी कृष्णराज गौतम, धौलागिरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डाक्टर रविरन्जन प्रधान लगायत विशिष्ट व्याक्तित्वहरु र संचारकर्मीहरुको विशेष उपस्थिति रहेको थियो। स्वास्थ्य कार्यालय, बागलुङका अधिकृत सफल शर्माले संचालन गर्नुभएको उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङका प्रमुख बाबुराम आचार्यले गर्नुभएको थियोभने खोप सुपरभाइजर राजु खत्रीले स्वागत तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।



मुदि स्वास्थ्य चौकि, म्याग्दीको आयोजनामा दादुरा रुबेला खोप अभियान २०८०/८१ सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुका लागि अभिमुखिकरण सम्पन्न भएको छ।



नरेठांटी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा दादुरा रुवेला खोप अभियान २०८०/८१ अन्तर्गत खोप समन्वय समिती, ब्यबस्थापन समिती, तथा सरोकारवालाहरुको लागी १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार



दादुरा रुवेला खोप अभियान २०८०/८९को लागि पैंयू गाउँपालिका, पर्बतका खोप दिने स्वास्थ्यकर्मीहरुको लागि पालिका स्तरिय अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ।



भंगरा स्वास्थ्य चौकी पर्वतको आयोजनामा फलेवास नगरपालिका पर्वत वडा नं ९, भंगरा स्थित चियावारी स्वास्थ्य आमा समुह, रोहोटेको माषिक बैठकमा गर्भवती स्याहार साथै सामाजिक नक्सांकन, ९ महिना देखि ५ बर्ष मुनिका बालबालिकाहरूका लागि दादुरा रूवेला खोप अभियान इत्यादि बिषयमा छलफल सम्पन्न भएको छ।



प्रहरी चौकी, वहाँकीठाँटी, पर्बतको आयोजनामा बिहादी गाउँपालिका ४ चपिङडाँडामा वडा सदस्य लेखनाथ भुसालको अध्यक्षतामा स्थानिय मानिस, समाजसेवी, भद्रभलादमीहरुको उपस्थितिमा घरेलु हिंसा न्यूनिकरण सम्बन्धि कार्यक्रम संचालन भएको छ।



दादुरा रूवेला खोप अभियान २०८० सम्बन्धि कार्यक्रम संचालन पश्चात सुस्ताउदै स्वास्थ्य कार्यालय, पर्बतका प्रमुख एक नारायण लम्साल सहित स्वास्थ्यकर्मीहरु।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर विनोद विन्दु शर्माको अध्यक्षतामा मन्त्रालयका महाशाखा प्रमुख, शाखा प्रमुखहरू, स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक, शाखा प्रमुख तथा निक साईमंस ईन्स्टिच्युटका प्रतिनिधिहरूको उपस्थितिमा Midwifery HRD for MNH in Gandaki Province सम्बन्धी छलफल सम्पन्न भएको छ । उक्त छलफलमार्फत भविष्यमा Midwifery सम्बन्धी जनशक्ति उत्पादन गर्ने खाका तय गर्न आवश्यक पहल गर्ने निर्णय भएको छ।




श्री भुमे जनकल्याण समाज सिम्जुङ काठमाडौले भच्चेक आधारभूत अस्पताल, गोरखालाई हिटर सहयोग गरेको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

### नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana



शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बागलुङवाट मिति २०७०/०३/०५ मा ठेक्का सम्झौता भई निर्माण कार्य अगाडी वढेको तथा शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना बागलुङलाई हस्तान्तरण भएको Dhaulagiri Zonal Hospital Building Phase - III (C- Block) भवनको निर्माण कार्य सम्पन्न भै अस्पताललाई हस्तान्तरण भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




काठेखोला गाउँपालिका, बाग्लुङ्गको आयोजनामा मोबाइल स्वास्थ्य क्लिनिक बिहु स्वास्थ्य चौकी अन्तर्गत बतासे डाडामा क्षयरोगको नमुना संकलन कार्य सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा दादुरा रुवेला सम्बन्धी जिल्ला खोप समन्वय समितिसंग अभिमुखिकरण एबं अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशानलय, गण्डकी प्रदेशको आयोजना तथा WHO/Gandaki को सहयोगमा दादुरा रुवेला सम्बन्धी राष्ट्रिय दादुरा रुवेला खोप अभियान अन्तर्गतको सञ्चारकर्मीहरुसँग प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रम संचालन भएको छ । कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलले गर्नुभएको थियो। उक्त छलफल तथा अभिमुखिकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका अस्पताल नर्शिङ्ग प्रशासक अन्जु पौडेल, जनस्वास्थ्य निरिक्षक बिष्णु सुबेदी, बिश्व स्वास्थ्य संगठन, गण्डकीका डाक्टर रामु शर्मा, डाक्टर स्मृति लामा र प्रतिनिधिहरु, पत्रकार महासंघ, गण्डकीका सचिव लगायत प्रदेशमा कार्यरत पत्रकारहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा पत्रकारहरुले सोध्नुभएको बिषयबस्तुमा छलफल समेत भएको थियो। कार्यक्रम मुख्य बिषयबस्तुको प्रस्तुतीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलले गर्नुभएको उक्त कार्यक्रमको संचालन स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माले गर्नुभएको थियो।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजना र धौलागिरी अस्पताल, बागलुङको व्यवस्थापनमा गण्डकी प्रदेश अन्तर्गतका अस्पताल र स्थानीय तहका अस्पतालमा कार्यरत चिकित्सक, पारामेडिक्स र नर्सहरुको लागि ३ कार्य दिनको Primary Trauma Care तथा Basic Life Supports तालिम संचालन भएको छ ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





२०८० साल फाल्गुन ९ गते देखि २३ गते सम्म सर्वसिद्दिधाम पञ्चकोट, बागलुङमा हुने १५ दिवसिय अभूतपूर्व वृहत धान्यान्चल सहित अनन्तश्री ब्रहमाण्डीय महायज्ञ स्थलमा धौलागिरी अस्पताल, बाग्लुङ्गको तर्फवाट आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आकस्मिक स्वास्थ्य कक्षको स्थापना गरिएको छ।



सुन्दरबजार न. पा. स्वास्थ्य शाखाको आयोजना, नमुना सामुदायिक अस्पताल, लमजुङ्गको प्राबिधिक सहयोग र तार्कुकोट स्वास्थ्य चौकीको समन्वयमा सुन्दरबजार न. पा. वडा न. ५ तार्कुकोट स्वास्थ्य चौकीमा महिला स्वास्थ्य सम्बन्धि १ दिने निशुल्क स्वास्थ्य तथा मनोविमर्श शिबिर संचालन भएको छ।



प्रहरी चौकी, देउपुर डिमुवा, पर्वतको आयोजनामा मोदी गाउँपालिका-३ स्थित माझगाउँमा प्रगतिशिल आमा समुहकी अध्यक्ष गिता परियारको अध्यक्षतामा जेष्ठ नागरिकहरूसंग घरेलु हिंसा सम्बन्धि अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ।



राईनास स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा विध्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको क्षमता अभिबृद्दि कार्यक्रम सम्पन्न भएको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




गुर्जा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा धवलागिरी गाउँपालिका वडा नं १ का स्वयंसेविकाहरुको लागि "पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम सम्पन्न भएको छ।



गोरखा अस्पतालमा पाठेघरमा मासु (tumor) को सफल अप्रेशन भएको छ।







काहुँशिवपुर स्वास्थ्य चौकी तथा मेरी स्टोप्स नेपालको संयुक्त आयोजनामा परिवार नियोजन सम्बन्धि निःशुल्क शिविर सम्पन्न भएको छ।



फापरथुम स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा दादुरा रुबेला खोप अभियान २०८०/८१ सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुका लागी अभिमुखिकरण कार्यक्रम संचालन भएको छ।



श्री नबजागृत मा.बि.का प्रा.बि. स्तरका विद्यार्थीहरुले राम्जा तिलाहार स्वास्थ्य चौकीमा स्वास्थ्य सम्बन्धी अबलोकन भ्रमण गरेका छन्।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार



मोदी गाँउपालिका, पर्बत वडा नं ६ का स्वर्गीय डम्मर बहादुर क्षेत्रीको स्मृतीमा वहाको परिवारले राम्जा तिलाहार स्वास्थ्य चौकि, पर्बतलाई अक्सिजन कन्सन्ट्रेटर मेशिन प्रदान गर्नु भएको छ।



पातलेखेत स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा दादुरा रुबेला खोप प्रचार प्रसार संचालन भएको छ।



स्वास्थ्य शाखा अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजना तथा भु-भूरुङ्ग तातोपानी स्वास्थ्य चौकी, म्याग्दीको समन्वयमा पालीका सामाजिक विकास समितीका संयोजक ओम पंगेनीको अध्यक्षता तथा स्वास्थ्य शाखा प्रमुख समुन्द्र वरुवालको सहजिकरणमा वडाखोप समन्वय समिति तथा सरोकारवालाहरुसंग १ दिने अन्तरक्रिया तथा योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।



ईलाका प्रहरी कार्यालय, लुंखु पर्वतको आयोजनामा महाशिला गाउँपालिका-३ बालकोट स्थित शिल्लेमा देवी देउराली आमा समुहको अध्यक्ष रिखिमाया गुरुङको अध्यक्षतामा आमा समुह, युवा क्लव तथा स्थानिय व्यक्तिहरुको उपस्थितिमा जबरजस्ती करणी नियन्त्रण सम्बन्धि लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा दादुरा रुबेला सम्बन्धी जिल्ला खोप समन्वय समिति, संचारकर्मी र सरोकारवालाहरुसंग अभिमुखिकरण एबं अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समिति प्रमुख विष्णुराम वि.क.को अध्यक्षतामा र प्रमूख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको विशिष्ट आतिथ्यमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रमुख, पर्वत अस्पताल ब्यवस्थापन समितीका अध्यक्ष, मेडिकल सुपिटेन्डेन्ट, पर्वत जिल्लाका संचारकर्मीहरु लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो।



गुर्जा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा दादुरा रुबेला खोप अभियान २०८०/८१ सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुका लागी अभिमुखिकरण कार्यक्रम संचालन भएको छ।



मुडिकुवा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा नियमित रुपमा सुत्केरी जाँच कार्यक्रम संचालन भैरहेको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




मंगला गाउँपालिका, म्याग्दीको आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि पालिका स्तरिय खोप समन्वय समिति र अन्य सरोकारहरुलाई अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



पैयुँ थन्थाप स्वास्थ्य चौकि, जैमिनी, बाग्लुङ्गको आयोजनामा आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि वडा स्तरिय खोप समन्वय समिति र अन्य सरोकारहरुलाई अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



गण्डकी प्रदेश सभा सदस्य माननीय कुशुम बुढा मगर लगायतको टोलीबाट धौलागिरी आयुर्बेद औषधालयको अनुगमन, गर्नुभएको छ।




बेनी नगरपालिका, म्याग्दीको आयोजनामा हुक्का निषेधको बिषयमा होटल ब्यबसायिहरु सङ्ग छलफल कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




पंचमुल प्राथमिक स्वास्थ्य केन्द्र, स्याङ्गजाको आयोजनामा आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि वडा स्तरिय खोप समन्वय समिति र अन्य सरोकारहरुलाई अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



बिरुवा गाउँपालिका, स्याङ्गजाको आयोजनामा दुर्त प्रतिकार्य समिती तथा टोली अभिमुखिकरण तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।



उराम्पोखारा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि वडा स्तरिय खोप समन्वय समिति र अन्य सरोकारहरुलाई अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार




नेपाल औषधि व्यवसायी संघ, जिल्ला शाखा पर्वतको आयोजनामा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको छ।



मालिका स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धि वडा स्तरिय खोप समन्वय समिति र अन्य सरोकारहरुलाई अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



काँडेबास स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा "थोरै खाऔं सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह भएको आयोडीनयुक्त नुन नै खाऔं" भन्ने नाराका साथ गलकोट -८ का बिभिन्न स्थानमा सचेतनात्मक कार्यक्रम गरी आयोडीन महीना मनाईएको छ।



प्रहरी चौकी, ठुलीपोखरी पर्वतको आयोजनामा कुश्मा नगरपालिका-३ बालकोट शिल्लेमा देवी देउराली आमा समुहको अध्यक्ष रिखिमाया गुरुङको अध्यक्षतामा आमा समुह, युवा क्लव तथा स्थानिय व्यक्तिहरुको उपस्थितिमा जबरजस्ती करणी नियन्त्रण सम्बन्धि लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा धौलागिरी अस्पताल, बाग्लुङ्गको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको सातौं फलोअप सम्पन्न छ। भएको धौलागिरी अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्डको सातौं फलोअपमा ९०% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा संक्रामक तथा सरुवारोग अस्पताल, कास्कीका कार्यकारी निर्देशक डाक्टर बिकास गौचन, बेनी अस्पताल, म्याग्दीका मेशु डाक्टर अन्जु थापा, मध्यबिन्दु मितेरी अस्पताल, नवलपरासी पुर्बका मेशु डाक्टर जितेन्द्र कंडेल, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्याङ्गजा अस्पतालका मेशु डाक्टर रुक्मिना अधिकारि, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र उर्मिला बरालको उपस्थिति रहेको थियो।






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा बेनी अस्पताल, म्याग्दीको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको चौधौ फलोअप सम्पन्न भएको छ। बेनी अस्पताल, म्याग्दीको न्युनतम सेवा मापदण्डको चौधौ फलोअपमा ८५% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा धौलागिरी अस्पताल, बाग्लुङ्गका प्रमुख मेशु डाक्टर रबि रंजन प्रधान, कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट अमित ढुंगाना, मध्यबिन्दु मितेरी अस्पताल, नवलपरासी पुर्बका मेशु डाक्टर जितेन्द्र कंडेल, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र उर्मिला बरालको उपस्थिति रहेको थियो।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





प्रहरी चौकी, सेतिवेणी पर्वतको आयोजनामा बिहादी गाउँपालिका-२ स्थित खहरे खोलामा वडा अध्यक्ष गणेश शर्मा पौडेलको अध्यक्षतामा बुद्धिजिवि, आमा समुह, युवा क्लव तथा स्थानिय व्यक्तिहरुको उपस्थितिमा आत्महत्या न्यूनिकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन भएको छ।



फलेवास नगर अस्पतालमा दादुरा- रूवेला खोप अभियान अन्तर्गत म.सा.स्वा.से. र वडा स्तरीय खोप समन्वय समितिको बैठक तथा अभिमुखिकरण कार्यक्रममा वडाअध्यक्ष नवीन कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको छ।



दादुरा रुबेला खोप अभियान २०८०/८१ सफलता पुर्वक सम्पन्न गर्न गण्डकी प्रदेश भित्रका सबै पालिकहरुमा स्वास्थ्यकर्मिहरु, म.सा.स्वा.से. बैठक, वडा खोप समन्वय समिती र पालिका खोप समन्वय समिती बैठक साथै निमन्त्रणा कार्ड संगै पुर्ण खोपको लागि घर धुरी सर्वेक्षण कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल









# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



भंगरा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा फलेबास नगरपालिका-९ का कार्यवाहक वडाध्यक्ष तथा वडा खोप समन्वय समिति अध्यक्ष दुर्गाराज सुवेदीको अध्यक्षता र स्वास्थ्य चौकी प्रमुख विरवल वि.क.को सहजिकरणमा कार्यक्रम सम्पन्न भएको छ।



मुडिकुवा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा दादुरा-रूवेला खोप अभियान अन्तर्गत वडा स्तरीय खोप समन्वय समितिको बैठक तथा अभिमुखिकरण कार्यक्रम कार्यवाहक वडाअध्यक्ष देव शर्मा लम्सालको अध्यक्षतामा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यकर्मी लगायतका सरोकारवालाका लागि किटजन्य रोग एवम् क्षयरोग, एचआईभी, कुष्ठरोग सम्बन्धि अभिमुखिकरण एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



काँडेबास स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा नियमित खोप संगै सरसफाई, बालभीटा बितरण, नियमित तौल अनुगमन गर्ने अभिभावकलाई ब्रश, टुथपेस्ट र साबुन बितरण साथै ऐना, नमूना परिवारको प्रसंसा पत्र प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




मरांग स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुको लागि गर्भवती दर्ता तथा अनुगमन सम्बन्धी कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजना र पुतलीबजार नगरपालिकाको समन्वयमा खोप दिने स्वास्थ्यकर्मीहरुलाई दादुरा रुबेला खोप अभियान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिटै महामारीको रुप लिन सक्दछ ।**



राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, काठमाडौंको आयोजनामा संचालन भएको आपूर्ति ब्यबस्थापन संबन्धि राष्ट्रिय कार्यशाला गोष्ठीमा गण्डकी प्रदेशका तर्फबाट सहभागीता रहेको रहेको छ।




**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

# सासाहिक समाचारपत्रिका

अंक १८१, वर्ष ५, २०८० फाल्गुन १३, February 25, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




दादुरा-रुबेलाको खोप लगाउन जानु भो ?







आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!


**सम्पादक**

भुवराज शर्मा

वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)

https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com